# श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड

(प. लि. द. नं. १५७१०१/०७३/७४)

## वि.सं. २०७९ साल पौष २९ गते शुक्रबारका दिन कुण्डलिनि दरवार व्याङ्क्वेट, चण्डोल, काठमाण्डौमा सम्पन्न भएको छैठौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

## Minute of 6th Annual General Meeting

(क) **पृष्ठभूमि :**

यस श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको छैठौं वार्षिक साधारण सभा मिति २०७९ साल पौष २९ (तदनुसार १३ जनवरी, २०२३) शुक्रबारका दिन बिहान ११:०० बजे का. म. न. पा. ४, काठमाण्डौ चण्डोल स्थित कुण्डलिनि दरवार व्याङ्क्वेटमा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालकले सञ्चालक समितिका सञ्चालक सदस्यहरू, कम्पनीका शेयरधनीमहानुभावहरू, आमन्त्रित वर्ग, कम्पनीका पदाधिकारीहरू लगायत उपस्थित सबैलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई छैठौं वार्षिक साधारण सभामा स्वागत गर्नु भएको थियो । वार्षिक साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका सञ्चालक/अध्यक्ष डा. श्री माणिकलाल श्रेष्ठज्यूले गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. ०७८/७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो, भने कम्पनी व्यवस्थापनद्वारा यस कम्पनीद्वारा प्रबर्द्धित रामेछाप तथा ओखलढुङ्गा जिल्लाको सिमा भएर बग्ने लिखु खोला स्थित २८.१ मे.वा. जडित क्षमताको तल्लो लिखु जलविद्युत आयोजना निर्माण तथा सञ्चालनका सम्बन्धमा भए गरिएका कार्यहरू र कम्पनीको आर्थिक तथा वित्तिय अवस्थाका सम्बन्धमा पावरप्वाईन्टका माध्यमबाट प्रस्तुतिकरण गरियो । तत् पश्चात् साधारण सभामा पेश गरिएका निर्धारित प्रस्ताव उपर छलफल गरी सबै प्रस्तावहरू सर्वसम्मतिले पारित गरियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषयसूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १२:१५ बजे समापन भएको थियो ।

(१) सभाको सूचना तथा प्रकाशन :

यस कम्पनीको सञ्चालक समितिको मिति २०७९ साल पौष ६ (तदनुसार २१ डिसेम्बर, २०२२) गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस छैठौं वार्षिक साधारण सभाको जानकारीका लागि २०७९ पौष ०८ गतेको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र २०७९ पौष २१ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सार्वजनिक सुचना प्रकाशित गरिएको थियो । साथै, उल्लिखित सूचन तथा जानकारी यस कम्पनीको वेवसाईट www.swetgangahydropower.com मा पनि राखिएको थियो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

## (२) उपस्थिति :

### (अ) सञ्चालकहरूको उपस्थिति

| | |
|---|---|
| डा. माणिकलाल श्रेष्ठ (प्रतिनिधि सानिमा हाइड्रोपावर लि.) | सञ्चालक/अध्यक्ष |
| डा. सुवर्णदास श्रेष्ठ (प्रतिनिधि सानिमा माई हाइड्रोपावर लि.) | कार्यकारी सञ्चालक |
| श्री विद्यावारिधि सिग्देल (प्रतिनिधि डोल्मा इम्प्याक्ट फण्ड १) | सञ्चालक-सदस्य |
| श्रीमती शान्ति निरौला (ओझा) | सञ्चालक-सदस्य |
| श्री कन्हैया कुमार मानन्धर | स्वतन्त्र सञ्चालक -सदस्य |

### (आ) कम्पनीका पदाधिकारीको उपस्थिति

| | |
|---|---|
| श्री भोजराज पौडेल | महा-प्रबन्धक |
| श्री रूची जोशी | कम्पनी सचिव |
| श्री कोमल भट्ट | वित्त प्रमुख |

### (इ) विभिन्न निकायका पदाधिकारी/प्रतिनिधिको उपस्थिति :

| | |
|---|---|
| श्री राजुकुमार सिवाकोटी (प्रतिनिधि जे.वि.आ.एच. एण्ड कम्पनी) | लेखापरिक्षक |
| श्री भिष्मराज चालिसे (प्रतिनिधि सानिमा क्यापिटल) | शेयर रजिष्ट्रार |

### (ई) शेयरधनीहरूको उपस्थिति :

| | | | |
|---|---|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - | ७६ | जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - | १८६ | जना |
| ३. जम्मा उपस्थित संख्या | - | २६२ | जना |

(३) **छैठौं वार्षिक साधारण सभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू :**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**(क) साधारण प्रस्तावहरू :**

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत गरिएको छैठौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. कम्पनीको आ. व. ०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।

३. आ. व. ०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीको नियमावलीको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक नियुक्ति/निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू :**

१. कम्पनीको पूँजीगत संरचना र सञ्चालक समितिको संरचनामा परिवर्तन गर्नका लागि कम्पनीको प्रबन्धपत्रको दफा ६ को (घ) र (च) तथा दफा ८ को (क) तथा नियमावलीको नियम ३१ को (१) मा संशोधन गर्ने ।

२. थप बैंक कर्जा सुविधा लिने तथा कर्जा सम्झौता गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

३. प्रबन्धपत्रको दफा तथा नियमावलीको नियम संशोधन अभिलेखका सम्बन्धमा कम्पनीको तर्फबाट गर्नु पर्ने आवश्यक कार्यहरू गर्न तथा यस सम्बन्धमा सम्बन्धित निकायको निर्देशन बमोजिम फेरबदल वा अन्य आवश्यक कार्यहरू गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

(४) **गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व**

| विवरण | कुल संख्या | स्वयम् उपस्थिति | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | २,१८,८१२ | ७६ | १८६ | २६२ | ०.१२ % |
| कम्पनीको शेयर संख्या | १,५९,३०,००० | १,१३,३७,३७४ | ३,७७,४०० | ११७१४४१८ | ७३.५४ % |

## (ख) सभाको वैधानिकता

(१) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरूमध्ये कम्तिमा ३ जना शेयरधनीहरू स्वयम् वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको छैठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वयम् तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या २६२ भएको र कूल बाँडफाँड भएको **७३.५४ %** प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनीको नियमावली तथा प्रचलित कानुन बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष जानकारी गराइयो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

(२) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष डा. श्री माणिकलाल श्रेष्ठज्यूको गर्नु भई, छैठौं वार्षिक साधारण सभा शुरू गर्न अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

**(ग) सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल :**

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न सभा-अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि साधारण सभाका अध्यक्ष डा. श्री माणिकलाल श्रेष्ठज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात् अध्यक्षज्यूले मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट आ. व. ०७८/०७९ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नुभयो । साथै, कम्पनी व्यवस्थापनको तर्फबाट कार्यकारी सञ्चालक डा. सुवर्णदास श्रेष्ठज्यूले यस कम्पनीद्वारा रामेछाप जिल्लाको लिखुतामाकोशी गा. पा. मा प्रबर्द्धित तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे. वा.) को निर्माण तथा सञ्चालनको अवस्था, विद्युत उत्पादन, कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरू लगायत आयोजनाको विस्तृत विवरण पावरप्वाइन्ट प्रस्तुतिकरणको माध्यमद्वारा जानकारी गराउनु भयो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको २०७९ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७८/७९ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरियो । छलफल पश्चात सभामा निम्नानुसारका निर्धारित प्रस्तावहरू पेश भई सभाको सर्वसम्मतिबाट परित गरियो ।

**(घ) सभाको निर्णयहरू :**

निर्णयार्थ छैठौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गर्‍यो :

(क) <u>साधारण प्रस्तावहरू :</u>

१. **कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत गरिएको छैठौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष डा. श्री माणिकलाल श्रेष्ठज्यूले प्रस्तुत गर्नु भएको आ. व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. **कम्पनीको आ. व. ०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहित २०७९ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०७९ साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७८/७९ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत् सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरू पारित गरियो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

३. **आ. व. ०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आ. व. २०७९/८० को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था S.A.R. Associates, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रू. १,१५,५००/- (अक्षरेपी एक लाख पन्ध्र हजार पाँच सय मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ. व. २०७९/८० को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

४. **कम्पनीको नियमावलीको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक नियुक्ति/निर्वाचन गर्ने ।**

यस कम्पनीको नियमावलीको व्यवस्था बमोजिम सर्वसाधारणलाई छुट्याइएको शेयरको निष्काशन गरी बिक्री तथा बाँडफाँड भए पश्चात् बस्ने वार्षिक साधारण सभामा सर्वसाधारण शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक नियुक्ति/निर्वाचन गर्न आवश्यक रहेको हुँदा सर्वसाधारण शेयरधनीहरूबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरूको नियुक्ति/निर्वाचन प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तपसिल अनुसार २ जना मात्र शेयरधनीहरूबाट उम्मेदवारी दर्ता भई निज उम्मेदवारहरूको विरूद्धमा कुनै दावी विरोध समेत नपरेको हुँदा उहाँहरू निर्विरोध निर्वाचित भई कम्पनीको नियमावली बमोजिम आगामी ४ (चार) वर्षका लागि यस कम्पनीको सञ्चालक पदमा नियुक्त हुनुभएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री बद्री विशाल घिमिरेले सभामा घोषणा गर्नुभयो।

<u>तपसिल</u>

| क्र.सं. | निर्वाचित सञ्चालकहरूको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १. | **श्री दिलिप श्रेष्ठ**<br>ललितपुर जिल्ला, ललितपुर म.न.पा. १३ | |
| २. | **श्री भरत रेग्मी**<br>काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. १ | |

(ख) <u>विशेष प्रस्तावहरू :</u>

१. **कम्पनीको पूँजीगत संरचना र सञ्चालक समितिको संरचनामा परिवर्तन गर्नका लागि कम्पनीको प्रबन्धपत्रको दफा ६ को (घ) र (च) तथा दफा ८ को (क) तथा नियमावलीको नियम ३१ को (१) मा संशोधन गर्ने ।**

कम्पनीको शेयरको सार्वजनिक निष्काशनका लागि नेपाल धितोपत्र बोर्डबाट प्राप्त स्वीकृतिपत्रमा उल्लिखित शर्त अनुरूप कम्पनीका शेयरधनीको समूह विभाजन र सञ्चालक समितिको संरचनामा परिवर्तन गर्न कम्पनीको प्रबन्धपत्रको दफा ६ (घ) र (च) तथा दफा ८ को (क) तथा नियमावलीको नियम ३१ को (१) मा तपसिल बमोजिम संशोधन गर्न आवश्यक रहेको हुँदा, सो सम्बन्धमा सभा समक्ष प्रस्तुत भएको विशेष प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

## तपसिल

**(अ) प्रबन्धपत्रको दफा ६ को (घ) र (च) तथा दफा ८ को (क) को सट्टा देहायका दफा ६ को (घ) र (च) तथा दफा ८ को (१) कायम गर्ने :**

**६(घ)** दफा ६ को उपदफा (ख) अनुसारको कम्पनीको जारी पूँजीको २५ प्रतिशत शेयर सर्वसाधारणको लागि छुट्याईएको छ। जसमध्ये १५ प्रतिशत सर्वसाधारणलाई र १० प्रतिशत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई बाँडफाँड गर्न सकिने छ। त्यसै गरी जारी पूँजीको ५ प्रतिशत शेयर कम्पनीका कर्मचारीहरूलाई छुट्याईएको छ।

तर यस दफा बमोजिम आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई र कम्पनीका कर्मचारीहरूलाई छुट्याइएको सम्पूर्ण शेयर बिक्री नभई बाँकि हुन आएमा, उक्त बाँकि हुन आए जती शेयर पनि सर्वसाधारणलाई बिक्री गरिने छ।

**६(च)** सर्वसाधारण र आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीहरूलाई सर्वसाधारण अर्न्तगत समुह "ख" मा वर्गीकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व जारी पूँजीको जम्मा २५ प्रतिशत हुनेछ। कम्पनीका कर्मचारीहरूका लागि जारी गरिने शेयर खरिद गर्ने शेयरधनीहरूलाई समुह "ग" मा वर्गीकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व जारी पूँजीको ५ प्रतिशत हुनेछ।

**८(क)** कम्पनीको जारी पुँजीको १५ प्रतिशत शेयर सर्वसाधारणलाई, १० प्रतिशत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूलाई र ५ प्रतिशत कम्पनीका कर्मचारीहरूलाई बिक्री तथा बाँडफाँड गर्न सकिने छ।

**(आ) नियमावलीको नियम ३१ को (१) को सट्टा देहाय ३१ को (१) कायम गर्ने :**

(१) यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ। त्यसमा संस्थापक समुहका शेयरधनीहरूको समुह "क" को तर्फबाट मनोनित प्रक्रिया वा आपसी सहमति वा निर्वाचनको प्रक्रियाद्वारा ४ (चार) जना सञ्चालक तथा शेयरधनीहरूको समुह "ख" र "ग" को तर्फबाट मनोनित वा निर्वाचित २ (दुई) जना र १ (एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति भई सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने छन्।

२. **थप बैंक कर्जा सुविधा लिने तथा कर्जा सम्झौता गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।**

यस कम्पनीद्वारा प्रबर्द्धित तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे.वा.) को कूल निर्माण लागत रू. ६,३७,२०,००,०००/- (अक्षरेपी छ अर्ब सैंतिस करोड बिस लाख रूपैंया मात्र) प्रक्षेपण गरी निर्माण कार्य गरिएकोमा विभिन्न कारणहरूले गर्दा आयोजना निर्माण लागत बढ्न गएकोले यस सम्बन्धमा आयोजनाका परामर्शदाता श्री सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि. ले पेश गरेको प्रतिवेदन अनुरूप आयोजनाको निर्माण लागतमा थप करिब ७.६७ प्रतिशत अर्थात रू. ४८,८७,१५,५८०/- (अक्षरेपी अड्चालिस करोड सतासी लाख पन्ध्र हजार पाँच सय असी रूपैंया मात्र) वृद्धि हुन आएकोले वृद्धि भएको रकम लगानीका सम्बन्धमा थप बैंक कर्जा लिनु पर्ने भएको हुँदा, थप आवश्यक रकम रू. रू. ४८,८७,१५,५८०/- बैंक कर्जा लिने निर्णय सभाको सर्वसम्मतिबाट पारित गरियो।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

साथै, उक्त बैंक कर्जा प्राप्त गर्नका लागि यस कम्पनीको तर्फबाट सम्बन्धित बैंक समक्ष नियमानुसार निवेदन गर्न, कर्जा सम्झौता गर्न लगायत अन्य आवश्यक सम्पुर्ण कार्यहरू गर्न, गराउनका लागि कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सभाको सर्वसम्मतिले पारित गरियो।

३. **प्रबन्धपत्रको दफा तथा नियमावलीको नियम संशोधन अभिलेखका सम्बन्धमा कम्पनीको तर्फबाट गर्नु पर्ने आवश्यक कार्यहरू गर्न तथा यस सम्बन्धमा सम्बन्धित निकायको निर्देशन बमोजिम फेरबदल वा अन्य आवश्यक कार्यहरू गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

यस सभामा पेश भई पारित भएका प्रस्ताव बमोजिम कम्पनीको नियमानुसार प्रबन्धपत्र तथा नियमावलीको संशोधनको अभिलेखका सम्बन्धमा गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्यहरू गर्न, गराउनका लागि सम्बन्धित नियामक निकाय जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, विद्युत विकास विभाग, विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड आदिमा आवश्यक कागजात, विवरण तथा दस्तुर संलग्न राखि निवेदन गर्न तथा सम्बन्धित निकायबाट प्राप्त निर्देशन बमोजिमका सम्पूर्ण कार्यहरू गर्न, गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

(ग) विविध ।

विविध विषय अन्तर्गत कुनै छलफल तथा निर्णय भएन ।

<u>धन्यवाद ज्ञापन तथा सभा विसर्जन :</u>

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समिति प्रति देखाउनु भएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नुभयो र यस छैठौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

SWET-GANGA HYDROPOWER & CONSTRUCTION LIMITED

| | |
|---|---|
| ............................ | ............................ |
| **रूची जोशी** | **डा. माणिकलाल श्रेष्ठ** |
| कम्पनी सचिव | अध्यक्ष |